अन्नपुर्ण गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
पोखरेबगर, म्याग्दी
गण्डकी प्रदेश , नेपाल

कार्यालय कोड नं. ८०१०४४४०२
सम्पर्क : ९८५७६८३८१० (प्र.प्र.अ)
Email : ito.annamun@gmail.com
web: annapurnamunmyagdi.gov.np

प.स.:०७८/७९
च.न.:

मिति:२०७८/११/०१

अन्नपुर्ण गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय पोखरेबगर, म्याग्दी गण्डकी प्रदेश, नेपाल २०७३

**आ.ब. २०७९/८० का लागि बेरोजगार व्यक्तिको सूचिमा सूचिकृत हुन निवेदन दर्ता गर्ने सम्बन्धि सूचना!**

प्रत्येक नेपाली नागरिकलाई रोजगारीको हक प्रत्याभूरि गराउन तोकिएको मापदण्ड पुरा गरेका नेपाली नागरिकले रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ को नियम ७ बमोजिम आ.ब. २०७९/८० मा स्थानिय तह मातहत रहेका रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने १०० दिन बराबरको न्यूनतम रोजगारीमा संलग्न भई सार्वजनिक बिकास निर्माणको काममा योगदान गर्न इच्छुक सामाजिक, र आर्थिक अवसरबाट बञ्चित १८-५९ बर्षसम्मका वास्तविक बेरोजगार व्यक्तिहरुले मिति २०७८ फागुन महिना भरि आफु स्थायि बसोबास गरेको स्थानिय तहको सम्बन्धित वडा कार्यालयमा बेरोजगार फारम भरी बेरोजगार ब्यक्तिको सूचिमा सुचिकृत हुनका लागि निबेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ।

**निवेदनका साथ पेश गर्नुपर्ने आवश्यक कागजात तथा मापदण्डहरुः-**

१. निवेदकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि १ प्रति र पासपोर्ट साइजको फाटो १ प्रति।
२. निबेदन दिदाँको मितिसम्म सोही आर्थिक बर्षमा न्यूनतम एक सय दिनको रोजगारमा संलग्न नभएको हुनुपर्ने।
३. स्वरोजगारमा संलग्न व्यक्तिको हकमा निवेदन दिदाको मितिसम्म सोही आर्थिक बर्षमा न्यूनतम एक सय दिनको रोजगारी वापत प्राप्त गर्ने नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक बराबरको आय (चालु आर्थिक बर्षको सन्दर्भमा रु ५७,७००/-) भन्दा कम आय भएको हुनुपर्ने।
४. निवेदकको निबेदक सहित परिवारका सम्पूर्ण सदस्यको नाम, नाता, जन्ममिति, नागरिकता नं., नागरिकता जारि मिति तथा गरेको जिल्ला।
५. निवेदक सहित सम्पुर्ण परिवारका सदस्यहरुको शैक्षिक योग्यता, सिप, दक्षता तथा रोजगारीको अवस्था स्वदेश/बिदेशमा तथा स्वरोजगारको अवस्था उल्लेख गर्नुपर्ने।
६. निबेदकको व्यक्तिगत फोन नं., बैङ्क खाता नं., बार्षिक पारिवारिक आय, परिवार संख्या, निबेदकको पेशा तथा कृषि पेशाले कति महिनासम्म खान पुग्छ सोको यथार्थ बिबरण उल्लेख भएको हुनुपर्ने।

..........................
११।१
सुरण प्रसाद शर्मा पौडेल
प्रमुख प्रशासकीय अधिकृत

सुरण प्रसाद शर्मा पौडेल
प्रमुख प्रशासकीय अधिकृत

*थप जानकारिका लागि सम्बन्धित वडा कार्यालय तथा रोजगार सेवा केन्द्र पोखरेबगरमा सम्पर्क गर्न सकिने छ।*

**"न्यूनतम रोजगार- नागरिकको अधिकार"**